# रंगेली नगरपालिका
Rangeli Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
रंगेली, मोरङ
**Rangeli, Morang**
१ नं. प्रदेश नेपाल Province No. 1 Nepal

पत्र पंख्या: ०७७/७८
च. नं.
मिति २०७७/०८/२४

## सामाजिक परिचालक (कृषि तथा पशु सेवा प्राविधिक) करारमा पदपूर्ति सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७७/०८/२४)

प्रस्तुत बिषयमा आ.व. २०७७/०७८ मा संघीय सरकार मार्फत सशर्त अनुदान तर्फ सामाजिक परिचालक (पशु सेवा प्राविधिक) शीर्षकमा यस नगरपालिकामा विनियोजित बजेट बमोजिम नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट प्राप्त लागत साझेदारीमा पशुपंक्षी प्रबर्द्धन कार्यक्रम संचालनका लागि यस नगरपालिकालाई आवश्यक सामाजिक परिचालक (पशु सेवा प्राविधिक) र कृषि बिकाश कार्यका लागि कृषि प्राविधिक निम्न अनुसार करारमा पदपुर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद र तह | माग पद संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०५/०७७-७८ | पशु सेवा प्राविधिक (चौथो तह) | १ जना | रु ३०० | |
| ०६/०७७-७८ | कृषि प्राविधिक (चौथो तह) | १ जना | रु ३०० | |

**परिक्षाको किसिम:** लिखित तथा अन्तरवार्ता ।
**परिक्षा केन्द्र तथा मिति:** परिक्षा केन्द्र, मिति तथा समय पछि प्रकाशित गरिनेछ ।
**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
क) पशु सेवा प्राविधिक (चौथो तह) को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा टि.एस.एल.सी. वा भेटेरिनरी जे.टि.ए. तालीम प्राप्त गरेको ।
ख) कृषि प्राविधिक (चौथो तह) को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा टि.एस.एल.सी. वा कृषि जे.टि.ए. तालीम प्राप्त गरेको ।
**उमेर हद:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
**दरखास्त दिने अन्तिम मिति:** २०७७/०९/०८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा भए सोको भोलिपल्ट कार्यालय समय भित्र ।
**तलब स्केल तथा अन्य सुविधा:** सेवा करार सम्झौता बमोजिम हुनेछ ।
**दरखास्त फारम पाउने तथा बुझाउने स्थान:** रंगेली नगरकार्पालिकाको कार्यालय ।
**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपीहरु**

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धांकपत्र/तालीमको प्रमाणपत्र
- चरित्रिक प्रमाणपत्र
- ३ प्रति पासपोर्ट साइजको फोटो
- अनुभव भएको खण्डमा प्रमाणित कागजात

सम्पर्क नं. ९८१४३४४१७१, ९८०२७७७६०८

रंगेली नगरपालिका